// नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५८) काठमाडौं, साउन २० गते २०६५ साल (संख्या १७

## भाग ५

### नेपाल सरकार

### भौतिक योजना तथा निर्माण मन्त्रालयको सूचना

नगर विकास ऐन, २०४५ को दफा १२ को उपदफा १२.१.२ बमोजिम सिन्धुली जिल्लाको कमलामाई नगरपालिका वडा नं. ६ स्थित रातामाटा क्षेत्रमा रहेको तपसिलका चार किल्ला भित्रको विभिन्न कित्ता जग्गाहरूलाई एकीकरण गरी सो जग्गामा नगर योजना अनुरुप सेवा सुविधाको व्यवस्था गर्ने र त्यस्तो सुविधाको व्यवस्था गर्दा लागेको खर्च बिकसित घडेरीहरू बिक्री गरी असुल गर्ने तथा बाँकी बिकसित घडेरीहरू साविककै जग्गाधनी वा मोहीहरूलाई समानुपातिक आधारमा फिर्ता दिने गरी "रातामाटा जग्गा एकीकरण (लायण्ड पुलिंग) कार्यक्रम" सञ्चालन गर्ने योजना नेपाल सरकारबाट मिति २०६५/२/१ मा स्वीकृत भएकोले सोही ऐनको दफा ३ को उपदफा ३.३ को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

पूर्व :- कि.नं. ३७६, ४०२, ११६२, ११६३ बाहेक सिरुवारो धन्सारे खोलादेखि पश्चिम कि.नं. ३६३, १०६३ र १५१० समेत ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पश्चिम :- वि.पि. राजमार्गसंग जोडिएको कि.नं. १३७८, १३८१, १३८६, १३८८, १३९१, १३९५, १३९८, १४४७, १४४८, १४७६ र १४८० का जग्गाहरू र सोदेखि पूर्व ।

उत्तर :- फणिले टापु तर्फका कि.नं. २२४, ३९०, ४५९, ५१३, ७३४, १०६१, १०६२, १०६३, ११४७, १२६२, १२८२, १५२५ र १६०४ का जग्गाहरू र सोदेखि दक्षिण ।

दक्षिण:- कि.नं. २३०, २३१, ३२३, १३९८ र १५०९ को जग्गाहरू र सोदेखि उत्तर ।

आज्ञाले,
उमाकान्त झा
नेपाल सरकारको सचिव

---

## नेपाल सरकार
## अर्थ मन्त्रालयको
### सूचना १

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी अखिल नेपाल फुटवल संघको लागि Japan Football Association, Japan ले सहयोग स्वरुप प्रदान गरिने अमेरिकी डलर ५०५.०० (पाँच सय पाँच) मूल्य बराबरको १०० (एक सय) थान फुटवल र १० (दश) वटा हावा हाल्ने एअर पम्प तथा नेपालमा रहेका अन्तर्राष्ट्रिय रेफ्री तथा सहायक रेफ्रीहरूको लागि World Football Federation, Netherland बाट सहयोग स्वरुप प्रदान गरिने यूरो १०८५.१० (एक हजार पचासी, सेण्ट दश) मूल्य बराबरको रेफ्रि ड्रेसहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महशुल तथा मूल्य अभिवृद्धि कर पुरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्व विद्यालय, जल तथा मौसम विज्ञान



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

केन्द्रीय विभागको लागि City College, USA बाट उपहार स्वरुप प्रदान गरिने अमेरिको डलर २,९३०.५५ (दुई हजार नौ सय तीस, सेण्ट पचपन्न) मूल्य बराबरको Automatic Weather station सामान आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ३

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २०ले दिएको अधिकार प्रयोग गरी त्रिभवन विश्व विद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थान अन्तर्गत महाराजगञ्ज क्याम्पसको लागि University of Bergen, USA बाट प्रदान गरिने अमेरिकी डलर ५,३०० (पाँच हजार तीनसय) मूल्य बराबरको HETTICH MIKRO 200R Refrigator Centrifuge मेसिन आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी नेपाल एमेच्योर एथलेटिक्स संघको लागि International Amateur Athletics Federation Italy बाट सहयोग स्वरुप प्रदान गरिने यूरो २०५३.४८ (दुई हजार त्रिपन्न, सेण्ट अठ्चालिस) मूल्य बराबरको खेल सामग्री आयात गर्दा एक प्रतिशत भन्सार महसूल असुल गरी बाँकी भन्सार महसुल, तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ५

नेपाल सरकारले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसुची-१ को समूह ११ को प्रकरण २६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार र नेदरल्याण्ड सरकार बीच सन् १९८३ मा भएको सम्झौता बमोजिम नेदरल्याण्ड सहयोग नियोग (SNV) ले नेपाल राज्य भित्र खरिद गरेको वस्तु तथा सेवामा तिरेको रु. ३२,१९,६६१.०० (बत्तीस लाख



१३१
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उन्नाईस हजार छ सय एकसठ्ठी) मूल्य अभिवृद्धि कर फिर्ता दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ६

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्व विद्यालय, चिकित्सा शास्त्र अध्ययन संस्थान अन्तर्गत महाराजगंज क्याम्पसको फिजियोलोजी विभागका लागि Boka Raton Community Hospital USA बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ८,०००.०० (आठ हजार) मूल्य बराबरको चिकित्सा प्रकरण Spirometer थान एक आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल, मूल्य अभिवृद्धि कर तथा स्थानीय विकास शुल्क पूरै छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ७

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारको लागि कोरिया सरकारबाट सहयोग स्वरुप प्रदान गरिने अमेरिकी डलर ८९,२१७.००(उनान्नब्बे हजार दुई सय सत्र) मूल्य बराबरको Hyundai Santa Fe ३ (तीन) थान र Hyundai Elantra ३ (तीन) थान गरी जम्मा ६ (छ) थान सवारी साधनहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी राजस्व र शुल्क छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ८

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी Medecins Sans Frontieres (MSF), Holland नामक अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाद्वारा कालिकोट जिल्लामा सञ्चालित परियोजनाको लागि Medecins Sans Frontieres(MSF), head Quarter Holland बाट सहयोग स्वरुप प्रदान गरिने यूरो २९,१६९.८८ (उनन्तीस हजार एक सय उनान्सत्तरी, सेन्ट अठासी) र अमेरिकी डलर ४५४.३५ (चार सय चौवन्न सेन्ट पैंतीस) मूल्य बराबरको स्वास्थ्य सामाग्रीहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ९

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी Tilganga Eye Centre को लागि The Fred Hollow Foundation, Singapore बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ४,५८४.००(चार हजार पांच सय चौरासी)मूल्य बराबरको आँखा उपचारमा प्रयोग हुने स्वास्थ्य सामाग्रीहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना १०

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी पाटन अस्पताल, लगनखेल, ललितपुरको लागि AXIOS and The GIPAP Organisation, Switzerland बाट उपहार स्वरुप प्रदान गरिने CHF ६,२७,२००.०० (छ लाख सत्ताईस हजार दुई सय) मूल्य बराबरको Imatinib (Glivec) औषधिहरू आयात गर्दा भन्सार महसुल, मूल्य अभिवृद्धि कर लगायत कर शुल्क पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ११

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्व विद्यालय, त्रिचन्द्र बहुमुखी क्याम्पसको लागि Central Washington University, USA बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर १५,४१८.८४ (पन्ध्र हजार चार सय अठार सेन्ट चौरासी) मूल्य बराबरको Global Positioning System Stations सामान आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना १२

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा १५ को प्रतिवन्धात्मक वाक्यांशले दिएको अधिकार प्रयोग गरी महिला तेक्वान्डो खेलाडी सुश्री



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संगीना बैद्यलाई नेपाल तेक्वान्डो संघबाट उपहार स्वरुप प्रदान गरिने जापानी येन ११,४९,५४०.०० (एघार लाख उनान्चास हजार पाँच सय चालिस) मा Clearing and Inland Transportation charge रू.६५,०००.०० (पैंसठी हजार) तथा Service Fee रू. २,५०,०००.०० (दुई लाख पचास हजार) गरी जम्मा नेपाली रू. ३,१५,०००.०० (तीन लाख पन्ध्र हजार) मूल्य बराबरको Toyota Yaris 4 Door Sedan Car आयात गर्दा लाग्ने आकस्मिक लाभकर नलाग्ने गरी छूट दिने र सोही ऐनको दफा २० ले दिएको अधिकार प्रयोग गरी उक्त Car मा लाग्ने राजस्वमा ६६ प्रतिशत छूट दिई बाँकी भन्सार महसुल, अन्तःशुल्क तथा मूल्य अभिवृद्धि कर असुल गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना १३

नेपाल सरकारले मूल्य अभिवृद्धि कर ऐन २०५२ को अनुसूची-१ को समूह ११ को प्रकरण २६ ले दिएको अधिकार प्रयोग गरी Spinal Injury Sangha, Nepal ले काभ्रेपलाञ्चोक जिल्लाको साँगामा ढाड र मेरुदण्ड सम्बन्धी समस्याबाट पिडित हुन पुगेका व्यक्तिहरूको उद्धार, उपचार तथा पुनःर्स्थापना गर्नको लागि पुनःर्स्थापना केन्द्र भवन निर्माण गर्दा स्थानीय बजारबाट खरीद गर्ने सामग्री तथा सेवामा लाग्ने (डिजाइन, निर्माण व्यवस्थापन, फर्निचर र उपकरण बाहेक) रु. ७१,०९,५७०.९४ (एकहत्तर लाख नौ हजार पाँच सय सत्तरी, पैसा चौरान्नब्बे) मूल्य अभिवृद्धि कर फिर्ता दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना १४

नेपाल सरकारले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ११ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको स्थापना नभएसम्मको लागि उक्त ऐन अन्तर्गतको कसूरको अनुसन्धान तथा तहकिकात गर्न राजस्व अनुसन्धान विभागलाई तोकेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

नेपाल सरकारले वन नियमावली, २०५१ को नियम ६८ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसुची-३ मा रहेका "जडीबुटी नाम र दस्तुर" भन्ने प्रकरण पछि देहायको प्रकरण थपेको छ ।

"(क) जरा तथा गानो जाति"

आज्ञाले,
आनन्दराज पोखरेल
नेपाल सरकारको निमित्त सचिव

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु.५।-
गो.द.नं. १६।२०६२।६३
अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३६